## बैठक संख्या (४)

आज मिति २०८२/०७/२१ गतेका दिन यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कार्यपालिकाका अध्यक्ष श्री कर्ण सिह साउदज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

स्थानीय सरकार शिवनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिवनाथ, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

**उपस्थिती:-**

(गाउँपालिका अध्यक्ष) श्री कर्ण सिह साउद

(गाउँपालिका उपाध्यक्ष) श्री सकुन्तला साउद

(वडा अध्यक्ष) श्री बलदेव सिह चाड

(वडा अध्यक्ष) श्री सुरेन्द्र सिह साउद

(वडा अध्यक्ष) श्री केशव दत्त कलौनी

(वडा अध्यक्ष) श्री धन बहादूर महता

(वडा अध्यक्ष) श्री केशव चन्द

(वडा अध्यक्ष) श्री भरत राम पार्की

(का.पा.सदस्य) श्री धनमती साउद

(का.पा.सदस्य) श्री विमला पार्की

(का.पा.सदस्य) श्री संगिता आउजी

(का.पा.सदस्य) श्री लक्षिमा कुमारी साउद

(का.पा.सदस्य) श्री राजेन्द्र राम दयाल

(का.पा.सदस्य) श्री प्रताप राम तिर्वा

(सदस्य सचिव) श्री नरेन्द्र सिह महता

**कार्यपालिका सहयोगी कर्मचारी:-**

श्री महेश सिह महता (सुचना प्रविधि अधिकृत)

CamScanner

प्रस्तावहरुः-

१. नियमित बैठकको समिक्षा सम्बन्धमा ।

२. नवप्रवर्तन साझेदारी परियोजनाको प्रस्ताव सम्बन्धमा ।

३. उपभोक्ता समिति गठनको म्याद थप तथा योजना सम्झौता सम्बन्धमा ।

४. १० शैय्या अस्पताल निर्माणको सम्झौता अवधी थप सम्बन्धमा ।

निर्णय नं. (१) को प्रस्ताव नं. १ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अघिल्लो कार्यपालिकाको बैठकमाथि आवश्यक समिक्षा गरियो ।

निर्णय नं. (२) को प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक बर्ष ०८२।०८३ को नवप्रवर्तन साझेदारी परियोजना कार्यविधि, २०८२ बमोजिम मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय धनगढी कैलाली, नेपालको मिति २०८२।०६।३१ गतेको प्रकाशित सुचना बमोजिम नवप्रवर्तन कार्यक्रम कार्यान्वयनको लागि सामुदायीक विद्यालयहरुको प्रविधि तथा शैक्षिक प्रशासन सुधार नामक परियोजनामा यस गाउँपालिकाको तर्फबाट ३०% लागत साझेदारी सहित कार्यान्वयन गर्ने गरी अवधारणा पत्र पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. (३) को प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको चालू आ.व. मा विनियोजित पुँजिगत तर्फका पालिकास्तरीय योजनाहरुको उपभोक्ता समिति गठन गर्न सम्बन्धित वडाका कार्यपालिका सदस्यहरुलाई तोक्ने साथै उपभोक्ता समिति गठन गर्ने म्याद २०८२ मंसिर १५ गतेसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. (४) को प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिका कार्यालय अन्तर्गत शिवनाथ -०६, सुल्लेखानमा निर्माणाधिन Construction of Ten (10) Beded Hospital Building ठेक्का नं.05/SRMUN/WORKS/2077/078 कार्यको निर्माण कम्पनि श्री के.एस.मित्र जे.भि.महेन्द्रनगर, कञ्चनपुरसँग मिति २०७८/०१/२० मा भएको सम्झौता बमोजिम पछिल्लो (तेस्रो पटक) पटकको सम्झौता म्याद थप निर्णय अनुसार निर्माण अवधी मिति २०८२/०७/२० कायम गरिएकोमा अस्पताल निर्माणका लागि आवश्यक बजेट निकासा नभएको, निर्माण सामाग्रिको अभाव, गिट्टी, वालुवा संकलनको लागि असहज भएको, भौगोलिक कठिनाई, पछिल्लो मनसुनि वर्षाका कारण सडक अवरुद्द भएको, जेन जि आन्दोलन एवंम् निर्माण कामदार अभावका कारण देखाउँदै मिति २०८२/०६/३१ मा म्याद थप निवेदन पेश भएकोमा निवेदन माथि आवश्यक अध्ययन गर्दा हाललाई सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(चौधौं संसोधन सहित) मा भएको व्यवस्था बमोजिम यहि मिति २०८२/०७/२१ गते देखी लागु हुने गरि ठेक्का म्याद अन्तिम पटकका लागि ३ महिना म्याद थप गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित

२०८२/८/२९

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

CamScanner